नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ५३ २०८० साल असोज ३ गते बुधबार (20 Sep. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र :* २ पृष्ठमा : ऊर्जा क्षेत्रलाई अर्थतन्त्रको. ३ पृष्ठमा : वार्षिक रु १३ खर्बको विद्युत्. ३ पृष्ठमा : भारतद्वारा क्यानडाली कूटनीतिज्ञ ...

## भगवती मन्दिर पोखरीको सरसफाईमा जनप्रतिनिधिदेखी सुरक्षा निकायका प्रमुखसम्म



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

राजविराज वडा नं. ७ स्थित धार्मिक एवं ऐतिहासिक भगवती मन्दिर पोखरीको मंगलबारदेखी सरसफाई थालिएको छ ।

राजविराज नगरपालिकाको अगुवाईमा धार्मिक महत्वको पोखरी आवश्यक सरसफाईको अभावमा पूजाविधी गर्न भक्तजनलाई समस्या हुदै आएको जनगुनासो आएपछी सरसफाई अभियान थालिएको हो । यस अभियानमा जनप्रतिनिधि, नेपाली सेनाको बरख गण, सशस्त्र र नेपाल प्रहरीले समेतले सघाएका छन् ।

सेना र समुदायबीचको आपसी सद्भावलाई अझै प्रगाढ बनाउन समुदायको हितमा गरिएको आग्रहलाई स्वीकार गर्दै सेनाको टोली सरसफाईमा खटिएको नेपाली सेना बरख गणका कर्णेल रमेश पाण्डेले बताए ।

नेपाल प्रहरीका उपरिक्षक नरेन्द्र कुमार कार्कीले

***बाँकी अन्तिम पृष्ठमा***

## सप्तरीका डा. दिपक गुप्ता "नेपाल प्रविधि विद्याभूषण" बाट विभुषित



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

नेपाल सरकारले विज्ञान तथा प्रविधिमा विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएका ११ जनालाई पहिलो पटक "नेपाल प्रविधि विद्याभूषण" बाट विभुषित गरेको छ ।

सप्तरीका डा. दिपककुमार गुप्ताले (रसायनशास्त्र विभाग त्रि-चन्द्र क्याम्पसका उप-प्राध्यापक) समेत यस विद्याभूषण प्राप्त गर्न सफल भएका हुन् । उनले "त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानबाट प्रिपेरेशन, क्यारेक्टराइजेशन एण्ड मोडिफिकेशन अफ पोल्यानिलाइन बेस्ड कोटिङ फर कोरोजन प्रोटेक्शन अफ एक्टिभ मेटल्स" शोध शीर्षकमा विद्यावारिधी गरेका छन् ।

उनले प्रा.डा. अमरप्रसाद यादवको सुपरिवेक्षणमा सो शोधकार्य गरेका हुन् ।

उनीसँगै मन्दिप सुवेदी, राजन रेग्मी, अविरल न्यौपाने, कृतना भण्डारी, इन्द्र प्रसाद सुवेदी, ऋषव पण्डित, प्रशंसा पाण्डे, बृजकुमार यादव, जुकेल श्रेष्ठ र गणेश गौतमले सो विद्याभूषणबाट विभुषित भएका हुन् ।

## नेकपा एस छिन्नमस्ताद्वारा गाउँपालिका बिरुद्ध संघर्षका कार्यक्रम सार्वजनिक




**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

नेकपा (एकिकृत समाजवादी) छिन्नमस्ता गाउँपालिका सप्तरीले गत असार १० गते २१ बुँदे माग अघि सार्दै गाउँपालिकालाई ज्ञापन पत्र बुझाउँदा पनि हालसम्म गाउँपालिकाले सो मागप्रति वेवास्ता गरेको भन्दै संघर्षका कार्यक्रमहरु सार्वजनिक गरेको छ ।

***बाँकी दुई पृष्ठमा***

## हिन्दु राष्ट्र घोषणाको माग गर्दै आन्दोलन चर्काउने तयारी



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

वर्तमान संविधानले हिन्दुहरुको मानमर्यादा राख्न सफल नभएको भन्दै विभिन्न चार संस्थाले हिन्दु राष्ट्र घोषणाको माग गर्दै आन्दोलन चर्काउने जानकारी दिएको छ ।

२०४७ संविधान पुनःस्थापना हाम्रो अभियान, नेपाल लागि नेपाली पार्टी, श्रीराम हनुमान आराधना मण्डल दर्ता नम्बर ८१२ र विभिन्न धार्मिक संघसंस्थाहरुको प्रतिनिधिहरुको उपस्थितिमा मंगलबार राजविराजमा आयोजित पत्रकार सम्मेलनमार्फत सो जानकारी दिइएको हो । सोही पत्रकार सम्मेलनमा बुधबार राजविराजमा हिन्दु राष्ट्र घोषणाका लागि ऱ्याली निकाल्ने तयारी भइरहेको बताइएको छ ।

पत्रकार सम्मेलनमा २०४७ संविधान पुनःस्थापना हाम्रो अभियानका संयोजक किशोरी महतोले २०७२ सालमा जारि भएको संविधानले हिन्दुहरुको रक्षा गर्न नसकेको, गौं हत्यामा संलग्न रहेकाहरुको सरकारले संरक्षण गरेको, धार्मिक द्वन्द चर्काउन चलखेल बढ्दै गएको भन्दै उनले सम्पूर्ण मधेशलाई हिन्दु प्रदेश घोषणा गर्ने तयारी भइरहेको जानकारी दिए ।

उनले आउँदो केही दिनभित्रै पहिलो चरणमा मधेशका ८ र छिमेकी तीन गरि ११ जिल्लालाई हिन्दु प्रदेश बनाउनका लागि

***बाँकी दुई पृष्ठमा***

संविधान दिवस, २०८० भव्य रुपमा मनाऔं।

संविधान दिवस २०८० को अवसरमा असोज २, ३ र ४ गते विभिन्न कार्यक्रमको आयोजना गरौं। घर तथा कार्यालयमा दीपावली गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### बाल विवाहलाई निरुत्साहित गर्नेतर्फ सबै लाग्नु पर्ने आवश्यकता

सप्तरीको सुरुङ्गा नगरपालिकाले बालबिबाह रोक्न बिबाह गर्नुपूर्व वडाको सिफारिस अनिवार्य गरेको बेला जिल्लाकै खडक नगरपालिकाले नगरपालिकालाई बालबिबाह मुक्त घोषणा गर्न अभियान नै चलाएको छ । "बालबिबाह जिन्दगी तवाह" नाराका साथ ११ हजार मानिसको सहभागितामा आइतबार बिहान ११ बजे एक समारोहबीच अभियानको शुभारम्भ भएको घोषणा गरेको हो । कुल ११ वडा रहेको नगरपालिकामा हालसम्म ७ र ८ गरी २ वटा वडा बालबिबाह मुक्त घोषणा भइसकेको बताउँदै उनले बाँकी ९ वटा वडामा यो अभियान विभिन्न सचेतना कार्यक्रमका साथ अघि बढेको छ । यसअघि सुरुङ्गामा बालविवाहलाई निरुत्साहित पार्न विवाह कार्डमा बेहुला बेहुलीको जन्म दर्ता अनिवार्य गरेको छ भने विवाहका लागि वडा कार्यालयबाट अनुमति लिनु पर्ने बाध्यात्मक निर्णय गरेको छ ।

यस्तो निर्णयले बालविवाह रोक्न अहम भूमिका खेल्ने छ । खासगरी दलित समुदायको बाल विवाह प्रथा अझै कायमै रहेको छ । मुसहर, चमार जस्ता जातिहरुमा केहि न्यूनिकरण भएपनि डोम समुदायमा हट्न सकेको छैन् । सदियौंदेखि चल्दै आएको परम्परा भएको भन्दै बाल विवाह रोकिन सकेको छैन् । यसतर्फ कसैले राम्रोसँग ध्यान समेत दिएको छैन् । दलित समुदायका अगुवाहरु सानैमा विवाह नगरिए जातियताबाट बहिष्कार र बुढापाकाहरुको गाली खेप्नुपरेका कारण सानो उमेरमा विवाह गर्नुपर्ने तर्क दिन्छन् । बाल विवाहले बाल मनोबिज्ञानमा असर पार्दै जीवन राम्रोसँग व्यत्तित भइनरहेको बुझ्दाबुझ्दै पनि बाल विवाह परम्पराको रुपमा गरिदैं आइएको छ । अहिलेका बूढापाकाहरुले आफ्नो विवाह एक बर्षको उमेरमै भएको बताउँदै नाती नातीनालाई पनि कम उमेरमै विवाह गर्न अग्रसरता देखाइरहेका छन् । शिक्षा दिनुभन्दा विवाह गराइदिएर घरजम बसाउन लगाउने तथा बालबालिकालाई श्रम गर्न लगाउनेको समाजमा कमी छैन् । चेतनाकै अभावमा कम उमेरमा विवाह गरिरहेको भन्दा फरक नपर्ला । अहिलेको जमानामा पनि बालविवाहलाई नरोकिए भावी सन्ततीको जीवनस्तर राम्रो हुन सक्दैन् ।

सानैमा विवाह गर्दा ठूलो भएपछि एकले अर्कालाई मन नपराउने, सानैमा गर्भवती भए आममा र बच्चा दुबैको स्वास्थ्य खतरातर्फ उन्मुख हुने र एकले अर्कालाई राम्ररीसँग चिन्न नसक्ने भएकाले बाल विवाहलाई निरुत्साहित गर्नेतर्फ सबै लाग्नु पर्ने आवश्यकता रहेको छ ।

# ऊर्जा क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्ने सरकारको तयारी

**रमेश लम्साल/रासस**
काठमाडौं, २ असोज ।
भौतिक पूर्वाधारको क्षेत्रका रूपमा रहँदै आएको मुलुकको ऊर्जा क्षेत्रलाई सरकारले अब भने प्रमुख आर्थिक एवम् औद्योगिक क्षेत्रका रूपमा परिचय प्रदान गरेर अगाडि बढाउने भएको छ ।

ऊर्जा क्षेत्र क्रमशः कमोडिटीका रूपमा विकास भएको, भारतमा नियमित रूपमा निर्यात हुन थालेको र बङ्गलादेशमा समेत निकट भविष्यमा नै निर्यातका लागि सम्झौता हुन लागेकाले यसलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा चित्रण गर्न लागिएको हो ।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई आइतबार बुझाइएको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनाले ऊर्जा क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्ने र सोहीअनुसारको व्यवहार गर्दै अगाडि बढ्नुपर्ने सुझाव दिइएको छ । व्यापारसमेत यसमा जोडिन थालेकाले यसलाई प्रमुख आर्थिक क्षेत्रका रूपमा लिइनुपर्ने माग उठ्दै आएको थियो ।

सामान्यतया एक युनिट बिजुली बराबर रु एक सय बराबरको आर्थिक स्रोत बन्दै आएको छ । त्यस आधारमा पनि मुलुकका उद्योगी तथा व्यवसायीले यसलाई अर्थतन्त्रको प्रमुख क्षेत्रका रूपमा मान्यता दिएर अगाडि बढ्नुपर्ने माग गर्दै आएका थिए । जल तथा ऊर्जा आयोगले सन् २०१५ देखि २०४० सम्मका लागि कूल गार्हस्थ्य उत्पादनमा चार दशमलव पाँच प्रतिशत, सात दशमलव दुई प्रतिशत र नौ दशमलव दुई प्रतिशत बराबरको आर्थिक वृद्धिलाई आधार मानेर लक्ष्य प्रक्षेपण गरिएको थियो । सोही लक्ष्यका आधारमा कार्यदलले पनि सन् २०३५ सम्म मुलुकलाई के कति मात्रामा बिजुली आवश्यक पर्दछ र त्यसका लागि के कति लगानी जरुरी पर्दछ भन्ने कुराको निर्धारण गरिएको छ ।

सरकारले कृषि, ऊर्जा, यातायात, घरायसीलगायत क्षेत्रमा खपत हुने विद्युत्को मागसमेत प्रक्षेपण गर्ने भएको छ । कार्यदलका संयोजक एवम् ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवका अनुसार सन् २०२५ सम्म हालकै मागअनुसार पनि अधिकतम माग पाँच हजार चार सय ७४ मेगावाट बराबर हुनेछ ।

उक्त माग आर्थिक वृद्धिदर नौ दशमलव दुई प्रतिशत बराबर हुँदाका अवस्थामा रहनेछ । आर्थिक वृद्धिदर चार दशमलव पाँच प्रतिशत बराबर रहँदा चार हजार तीन सय मेगावाट र आर्थिक वृद्धिदर सात दशमलव दुई प्रतिशत रहँदा चार हजार नौ सय १७ मेगावाट बराबर बिजुलीको माग हुनेछ ।

अर्थतन्त्रका समग्र क्षेत्र पूर्णरूपमा चलायनमान हुँदा त्यसले पार्ने प्रभाव गुणात्मक हुने सहसचिव देवको भनाइ छ । यस आधारमा सन् २०३५ सम्म आन्तरिक माग नै १७ हजार पाँच सय २८ मेगावाट बराबर रहनेछ । विद्युत्को आन्तरिक मागका अतिरिक्त छिमेकी देशको विद्युत् बजारमा हुने निर्यातलाई समेत कूल मागमा समावेश गरिएको छ । गत आवमा चार सय ५० मेगावाट विद्युत भारत निर्यात भएको थियो । चालु आवमा छ सय २० मेगावाट बराबरको विद्युत निर्यात भइरहेको छ । आर्थिक वर्ष २०८५/८६ सम्ममा चार हजार मेगावाट बराबरको बिजुली निर्यात हुनेछ । यस्तै आव २०९१/९२ सम्ममा १५ हजार मेगावाट बराबरको बिजुली निर्यात हुनेछ । यस आधारमा पनि मुलुकको ऊर्जा क्षेत्र अर्थतन्त्रको प्रमुख आधारमा रूपमा थप स्थापित हुने र सबल क्षेत्र बन्ने छ ।

आव २०९१/९२ सम्ममा आन्तरिक मागका साथै छिमेकी देशमा हुने निर्यातलाई समेत हेर्दा विद्युत्को माग करिब २८ हजार पाँच सय मेगावाट बराबर पुग्नेछ । प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को पछिल्लो भारत भ्रमणमा १० वर्षमा १० हजार मेगावाट बराबरको बिजुली निर्यातका सम्बन्धमा समझदारी भइसकेको छ । सो समझदारीलाई हाले मात्र भारत सरकारले स्वीकार गरेको छ । यस्तै बङ्गलादेशले समेत सन् २०४० सम्ममा नौ हजार मेगावाट बिजुली नेपालबाट आयात गर्ने विषयलाई आफ्नो रणनीतिक योजनामा समावेश गरेको छ । कार्यदलको प्रतिवेदनअनुसार सन् २०३५ सम्ममा बङ्गलादेशले पाँच हजार मेगावाट बराबरको बिजुली लैजाने अवस्था देखिएको छ ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले आज मात्रै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का पदाधिकारीसँगको भेटमा व्यापार घाटा घटाउने उपयुक्त माध्यमका रूपमा ऊर्जा क्षेत्र भएकाले सोही अनुसारको व्यवहार गर्ने बताउनुभएको छ । राज्यका अन्य निकायले पनि अर्थतन्त्रको प्रमुख आधारका रूपमा ऊर्जा क्षेत्र नै रहेको स्वीकार गरेका छन् । ऊर्जामन्त्री बस्नेतले भौतिक पूर्वाधारको क्षेत्रका रूपमा मात्रै मान्यता पाएको ऊर्जा क्षेत्र अब अर्थतन्त्रको प्रमुख आधारका रूपमा स्थापित भएको तथ्य सबैले आत्मसात् गर्नुपर्ने बताउनुभएको छ ।

कार्यदलले तयार पारेको प्रतिवेदनलाई छिट्टै मन्त्रिपरिषद्मा पेस गर्ने मन्त्रालयको तयारी छ । राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय र अन्य सरोकारवाला निकायसँग छलफल गरेर ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजनालाई राष्ट्रिय कार्ययोजना र सङ्कल्पपत्रका रूपमा अगाडि बढाउने तयारी गरिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेको भनाइ छ ।

कार्ययोजनालाई कार्यान्वयनमा ल्याउनका लागि मन्त्रालयले विशेष युनिट नै स्थापना गर्नेछ । उत्पादनको क्षेत्रमा उल्लेख्य प्रगति भए पनि प्रसारण तथा वितरण प्रणालीमा रहेको जटिलता सम्बोधन गर्नका लागि उक्त युनिटले काम गर्नेछ । यस्तै, ऊर्जा सुरक्षाका दृष्टिले जलाशययुक्त र अर्धजलाशयुक्त आयोजनाको निर्माणलाई पनि उत्तिकै प्राथमिकता दिइने भएको छ ।

सोही आधारमा बूढीगण्डकी, दूधकोशीजस्ता आयोजना निकट भविष्यमा नै निर्माणमा लैजाने सरकारको तयारी छ । ठूला आयोजना पनि क्रमशः अगाडि बढाउने र निजी क्षेत्रलाई समेत साथमा लिएर अगाडि बढ्ने सरकारको तयारी छ । ऊर्जा मन्त्रालयले हालै सङ्घीय संसद्मा पेस गरेको ऊर्जा विधेयक, २०८० मा निजी क्षेत्रलाई उत्पादनमा मात्रै नभई बिजुली व्यापारमा समेत सहभागी गराउन लागिएको छ । उत्पादन मात्रै नभई व्यापारमा सहभागी गराउँदा अर्थतन्त्रको आकार थप वृद्धि हुने सरकारको बुझाइ छ ।

### नेकपा एस ...

नेकपा (एकिकृत समाजवादी) छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष सत्यदेव मण्डल र जिल्ला सचिवालय सदस्य एवं अध्यक्षका प्रत्यासी उम्मेदवार जयप्रकाश यादवले मंगलबार राजविराजस्थित पार्टी कार्यालयमा पत्रकार सम्मेलनको आयोजना गरि उक्त मागहरुबारे गाउँपालिकाले वेवास्ता गरेको भन्दै ती मागहरु सार्वजनिक गरेको हो ।

आयोजित पत्रकार सम्मेलनमा ती मागहरुलाई गाउँपालिकाले बारम्बार वेवास्ता गरेकोले संघर्षका कार्यक्रम अन्तरगत पत्रकार सम्मेलन, असोज ३ गते देखी ९ गतेसम्म प्रत्येक वडामा जनता जागरण तथा भण्डाफोर कार्यक्रम, हसोज १० देखी १६ सम्म विभिन्न राजनीतिक दलहरुसँग सहकार्य एवं समन्वयमा गाउँपालिका केन्द्रित बिरोध कार्यक्रम, असोज १७ देखी २४ सम्म सामाजिक संजाल मार्फत बिरोध तथा हस्ताक्षर संकलन अभियान गरि जिल्ला प्रशासन कार्यालयमा बुझाउने तथा २५ गतेदेखी दोश्रो चरणको सशक्त संघर्षका कार्यक्रमहरु तय गर्ने जानकारी दिइएको छ ।

पत्रकार सम्मेलनमा वितरण गरिएको प्रेस विज्ञप्तिमा चालु आ.ब. २०८०/८१ को कथित गाउँसभाबाट पारित गरिएका निर्णय र योजना तथा कार्यक्रमहरुको विवरण, आ.ब. २०७९/८० को योजना पुस्तिका, खर्चको फाँटवारी, विषयगत शाखा/उपशाखा तथा कृयाकलापहरुको छुट्टाछुट्टै प्रगति विवरण लगायतका मागहरु छन् ।

त्यस्तै गाउँपालिका कार्यालयको प्रशासकीय भवन गाउँपालिका अध्यक्षको निजि घरमा के कुन प्रकृयाबाट के कति भाडा दरमा लिइएको तथा गत आ.ब. २०७९/८० मा भुक्तानी हुन नसकेका योजना तथा कार्यक्रमको प्रमाणित विवरण उपलब्ध गराउन लगायत २१ बुँदे मागहरु रहेका छन् ।

### हिन्दु राष्ट्र ...

शान्तिपूर्ण आन्दोलन गर्ने जानकारी दिदै त्यसपछि मुलुकभर सोही आन्दोलनलाई निरन्तरता दिने बताए ।

रामेश्वर राय यादवको अध्यक्षता तथा अभियानका संयोजक महतोको प्रमुख आतिथ्यमा आयोजित पत्रकार सम्मेलनमा देवनारायण महतो, शुसिलचन्द्र अधिकारी, दिपक आत्रेय, विष्णु दास, कनकलाल साह, रामबालक चौधरी, हनुमान आराधना मण्डलका सप्तरी अध्यक्ष बिन्दी मण्डल लगायतको सहभागिता रहेको थियो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# वार्षिक रु १३ खर्बको विद्युत् निर्यात भए व्यापार घाटा अन्त्य हुन्छ : गभर्नर अधिकारी

काठमाडौं, २ असोज (रासस)।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले वार्षिक रु १३ खर्ब बराबरको विद्युत् निर्यात गर्न सके व्यापार घाटाको अवस्था अन्त्य हुने बताउनुभएको छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का पदाधिकारीसँगको भेटमा गभर्नर अधिकारीले व्यापार घाटा कम गर्नका लागि विद्युत् निर्यात नै उपयुक्त माध्यम भएको बताउनुभयो। मुलुकको व्यापार घाटा घटाउने उपयुक्त माध्यमका रूपमा रहेको जलविद्युत् क्षेत्रको विकासमा नेपाल राष्ट्र बैंकले आवश्यक सहजीकरण गर्ने भएको छ।

इप्पान अध्यक्ष गणेश कार्कीले बैंक तथा वित्तीय संस्थाले विद्युत् आयोजनामा लगानी गर्न नसकेको भन्दै बैंक तथा वित्तीय संस्थालाई आफ्नो कूल लगानीमा २० प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था गरिदिन गभर्नर अधिकारीसँग आग्रह गर्नुभएको थियो। जवाफमा गभर्नर अधिकारीले बैंकसँग लगानीको समस्या नरहेको र १० वर्षमा २० हजार मेगावाट उत्पादन गर्दा पनि लगानीको समस्या नहुने बताउनुभयो।

इप्पानले भने तत्कालै करिब तीन हजार सात सय मेगावाट क्षमताका आयोजनामा विकास गर्दा आउँदो पाँच वर्षमा झन्डै रु पाँच खर्ब ५५ अर्ब, नेपाल र भारतबीच भएको विद्युत् निर्यातको सम्झौतासमेत जोड्ने हो भने १० वर्षमा झन्डै रु २० खर्ब ५५ अर्ब र ऊर्जा दशकको घोषणाअनुसार २५ हजार मेगावाट थप उत्पादन गर्ने भएमा रु ३७ खर्ब ५० अर्बभन्दा बढी लगानीको आवश्यकता पर्ने बताएको छ।

राष्ट्र बैंकले दुई सय मेगावाटभन्दा ठूला आयोजनालाई आधार दरमा एक प्रतिशतमात्र थप गरी कर्जा प्रवाह गर्ने व्यवस्था गरिरहेकोले उक्त व्यवस्था सबै जलविद्युत् आयोजनामा कार्यान्वयन गरिदिन इप्पानले आग्रह गरेको छ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको निर्देशनअनुसार निर्माणाधीन अवस्थाको ब्याज आम्दानीलाई लाभांश बाँड्न नमिल्ने र 'मोराटोरियम पिरियड' थप गर्दाको अवस्थामा कर्जा पुनःसंरचना र पुनःतालिकरण भएको मानी १२ दशमलव पाँच प्रतिशतको कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने भएकाले बैंक तथा वित्तीय क्षेत्र यस क्षेत्रमा थप लगानी गर्न हतोत्साहित भएको इप्पानको भनाइ छ।

यसमा निर्माणाधीन अवस्थाको ब्याज आम्दानीबाट समेत लाभांश बाँड्न पाउने यसअघिकै व्यवस्थालाई निरन्तरता दिन इप्पानले माग गरेको छ। नेपाली बैंक वित्तीय संस्थाले ऊर्जामा लगानी गरेको रकमको ब्याज अत्यधिक महँगो भएको भन्दै नेपाल सरकारको जमानतमा अन्तर्राष्ट्रिय बजारबाट नविनतम् वित्तीय उपकरणहरू जस्तैः सोभरियन बन्ड वा ग्रीन बन्ड वा जलवायु बन्डको माध्यमबाट वित्तीय स्रोतको जोहो गरी नेपाल राष्ट्र बैंकमार्फत स्वच्छ ऊर्जाको क्षेत्रमा पुनःकर्जाको व्यवस्था गरिदिन पनि इप्पानले अनुरोध गरेको थियो। जवाफमा गभर्नर अधिकारीले बन्डको विषय अर्थ मन्त्रालयको भएको तर राष्ट्र बैंकले त्यसमा सहजीकरण गर्न तयार नै रहेको बताउनुभयो।

दस वर्षमा २५ हजार मेगावाट विद्युत् उत्पादन र १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने राष्ट्रिय चाहनालाई पूरा गर्न बैंक तथा वित्तीय संस्थाले पुँजीका रूपमा समेत लगानी गर्न सक्ने र

***बाँकी अन्तिम पृष्ठमा***

**राजबिराज नगरपालिका**
**१ नं.वडा कार्यालय**
**राजबिराज,सप्तरी**
**मधेश प्रदेश,नेपाल**

प.स. २०८०/०८१
च.न. ४०२

मिती :- २०८०।०६।०२

विषय: - सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने दिनेश ठाकुर समेतले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८०।०६।०२ गते मा द.न.३६३ को निवेदन दिएको हुदां सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.२ हाल १ बस्ने बुद्धि देवी ठाकुर नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | २ | २२१ | ०-२-१८ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.-१

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### भारतद्वारा क्यानडाली कूटनीतिज्ञ निष्कासित

नयाँदिल्ली, २ असोज (रासस/एएफपी)।

भारत सरकारले क्यानडाका एक जना वरिष्ठ कूटनीतिज्ञलाई निष्कासन गरेको छ।

क्यानडाले पृथकतावादी खालिस्तान नेता हरदीपसिंह निज्जरको हत्यामा संलग्न रहेको आरोपमा एक जना भारतीय कूटनीतिज्ञलाई निष्कासन गरेपछि भारतले पनि उही शैलीमा क्यानडाका कूटनीतिज्ञलाई निष्कासन गरेको हो।

भारतको विदेश मन्त्रालयले नयाँदिल्लीमा रहेका क्यानाडका उच्चायुक्तलाई बोलाएर उच्चायोगका एक जना वरिष्ठ कूटनीतिक कर्मचारीलाई निष्कासन गर्ने भारत सरकारको निर्णयबारे जानकारी गराएको छ। नयाँदिल्लीले निष्कासन गरेका क्यानाडाली कूटनीतिज्ञलाई पाँच दिनभित्रमा भारत छाड्न आदेश दिएको छ।

यो निर्णयले भारतको आन्तरिक मामिलामा क्यानाडाली कूटनीतिज्ञहरूको हस्तक्षेप र भारत विरोधी गतिविधिहरूमा उनीहरूको संलग्नता देखिएको विदेश मन्त्रालयका एक जना अधिकारीले बताएका छन्। विधिको शासनप्रति दृढ प्रतिबद्धतासहितको लोकतान्त्रिक राजनीतिक पद्धति अपनाएको भारतमाथि क्यानडाले लगाएको आरोपलाई विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले आधारहीन भएको टिप्पणी गरेका छन्।

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले संसद्को आकष्मिक बैठकमा हरदीपसिंह निज्जरको हत्यामा नयाँदिल्ली संलग्न रहेको आरोप लगाउनुभएको थिए। गत जुनमा निज्जर ब्रिटिस कोलम्बियामा मृत अवस्थामा भेटिएका थिए।

यसअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानडामा भारत विरोधी गतिविधि बढेकामा गम्भीर चिन्ता व्यक्त गर्दै क्यानडाको भूमिलाई भारतका विरुद्ध उपयोग हुन नदिन आफ्ना समकक्षीलाई अनुरोध गर्नुभएको थियो।

### 'प्रधानमन्त्री ट्रुडोको आरोप आधारहीन छ'

ओटावा, २ असोज (रासस/एएनआई)।

क्यानाडास्थित कार्लटन विश्वविद्यालयका प्राध्यापक एवं विदेश नीति विशेषज्ञ विवेक देहेजियाले मङ्गलबार क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले भारतविरुद्ध आधारहीन आरोप लगाएको र त्यसको विश्वसनीयता शून्यप्रायःभएका टिप्पणी गरेका छन्।

"हामीले सबुद-प्रमाण नदेखेसम्म प्राप्त जानकारीलाई आँखा चिम्लेर सत्य मान्न नसकिने बताउँदै प्राध्यापक देहेजियाले लोकतन्त्रमा विश्वास गर्ने विकसित पश्चिमा देशको नेताले स्वतन्त्र भारतको इतिहासमा यस किसिमको आरोप पहिलो पटक लगाएको बताउँदै यसअघि यति उच्चस्तरमा भारतले क्यानडाको आन्तरिक मामिलामा षड्यन्त्र गरेको नसुनेको जनाएका छन्।

एनआईसँगको कुराकानीमा प्राध्यापक देहेजियाले क्यानाडाली जनता वा विश्वका जनतालाई प्रधानमन्त्रीले गरेको दाबीबारे कुनै जानकारी नदिइएको बताए। क्यानाडाको सुरक्षा खुफिया सूचनाका आधारमा प्रधानमन्त्रीले लगाएको आरोप पुष्टि नभएको त्यसमा आधार भएको मान्न नसकिने उनले बताएका छन्। उनले भनेका छन्-प्रधानमन्त्रीको आरोपमा विश्वनीय आधार छैन।

क्यानडाका प्रधानमन्त्री ट्रुडोले सोमबार पृथकतावादी नेता हरदीपसिंह निज्जरको हत्यामा भारत सरकारको हात रहेको आरोप लगाउनुभएको थियो जसलाई नयाँदिल्ली निराधार भन्दै त्यसको खण्डन गरको थियो।

भारतमा पक्राउ गर्नुपर्ने व्यक्तिको सूचीमा रहेका निज्जरको गत जुनमा क्यानडाको ब्रिटिस कोलम्बियामा गोली हानेर हत्या गरिएको थियो। पञ्जाबको जालन्धरको भारसिंहपुर गाउँका निज्जरलाई राष्ट्रिय अनुसन्धान निकाय (एनआई)ले फरार घोषणा गरेको थियो।

### एकैपटक एक सयभन्दा बढी विद्यार्थी बिरामी

जबलपुर (मध्य प्रदेश) (रासस/एएनआई)।

छात्रावासको पाकशालामा खाना खाएका एक सय जनाभन्दा बढी विद्यार्थी अस्पताल भर्ना भएका छन्। मध्य प्रदेशको जबलपुर जिल्लास्थित एक आवासीय विद्यालयको छात्रवासको भान्सामा भोजन गर्दा ती विद्यार्थी बिरामी परेका हुन्।

जिल्लाको रामपुर छपर क्षेत्रमा रहेको विद्यालयका विद्यार्थीले सोमबार राति खाना खाएपछि पेट दुखेको र वान्ता गर्न थालेका थिए। अधिकांश विद्यार्थीले तारन्तार वार्ता गर्न थालेपछि विद्यालयका कर्मचारी, स्थानीयवासी र प्रहरीले उनीहरूलाई अस्पताल दौडाएका एक जना सरकारी अधिकारीले एएनआई बताए।

प्रमुख चिकित्सा तथा स्वास्थ्य अधिकृत डा सञ्जय मिश्रका अनुसार सोमबार राति विद्यालयको छात्रावासमा गरेको भोजन विषाक्त भएकाले उनीहरू सबै बिरामी भएका हुन्। अहिले उनीहरू सबैको अवस्था स्थिर छ। चिकित्सकको निगरानीमा उनीहरूलाई २४ घण्टासम्म अस्पतालमा नै राखिने छ। सम्भवतः बुधबार बिहान सबैलाई 'डिस्चार्ज' गरिने डा मिश्रले बताएका छन्।

# जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको स्मृतिमा विचार गोष्ठि



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
प्रजातन्त्र पुनःस्थापनाका लागि भएको विसं २०४६ को जनआन्दोलनका सर्वोच्च कमान्डर गणेशमान सिंहको २६औँ स्मृति दिवस मनाइएको छ ।

नेपाली काँग्रेस सप्तरीले जिल्ला पार्टी कार्यालयमा एक विचार गोष्ठिको आयोजना गरि सो दिवस मनाएको हो ।

आयोजित गोष्ठीका वक्ताहरुले गणेशमान सिंह्ले प्रजातन्त्र प्राप्तिका लागि गरेको संघर्ष र जनआन्दोलनमा निर्वाह गरेको योगदानका बारेमा चर्च गरेका थिए ।

नेपाली राजनीतिमा त्याग र साहसको उच्च उदाहरणका रूपमा रहेका उनी सबैको निष्ठाको केन्द्र बन्न सफल भएको बताउँदै वक्ताहरुले विसं २०४६ को जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरेका आग्रहलाई उनले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गरेको स्मरण गराए ।

नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साहको अध्यक्षता तथा मधेश प्रदेशका सहमहामन्त्री बिन्दु यादवको प्रमुखआतिथ्यमा आयोजित विचार गोष्ठिमा उपसभापति रामकुमार यादव, प्रेस युनियन सप्तरीका सभापति बिनय कुमार लाल कर्ण लगायतले मन्तब्य राखेका थिए ।

विसं १९७२ कात्तिक २४ गते काठमाडौँको क्षेत्रपाटीस्थित चाक्सीबारीमा जन्मनुभएका नेता सिंहको निधन २०५४ साल असोज २ गते भएको हो । काठमाडौँको खानदानी परिवारमा जन्मनुभएका गणेशमान सिंहले १९९७ सालमा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषद्को सदस्य भई राणा शासन विरुद्धको अभियानमा आफूलाई सक्रिय बनाएका थिए ।

# १०औं राष्ट्रिय परिवार नियोजन दिवसमा अन्तरक्रिया



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**
नेपाल परिवार नियोजन संघ सप्तरीले आफ्नो १०औं राष्ट्रिय परिवार नियोजन दिवस एवं ६५औं नेपाल परिवार नियोजन दिवसको अवसरमा मंगलबार अन्तरक्रिया कार्यक्रम गरेको छ ।

आयोजित अन्तरक्रियामा परिवार नियोजन संघबाट सुचारू भईरहेको सेवा सुविधाहरुको बारे जानकारी दिँदै स्टाप नर्स ममता यादवले परिवार नियोजन संघमा स्वास्थ्य प्रजनन् सम्बन्धी परामर्श समेत दिने गरेको बताइन् ।

नेपाल परिवार नियोजन संघ सप्तरीका निमित्त प्रमुख सुनित कुमार मुन्नाको अध्यक्षतामा सम्पन्न अन्तरक्रियामा स्पर्श नेपालका विनोद दास, राजबिराज नगरपालिका वडा नम्बर ६ का वडा सदस्य दिपक शर्मा, पत्रकार लगायतको उपस्थिति रहेको थियो । कार्यक्रम संचालन संघका सिनियर अहेब विनोद गुप्ताले गरेका थिए ।

## *वार्षिक रु १३ खर्बको ...*

अन्तर्राष्ट्रिय लगानीकर्ताका लागि आवश्यक हेजिङ, लगानी तथा लाभांश र लगानी फिर्तासम्बन्धी नीति नियम सहज, छिटो र पारदर्शी बनाइदिन पनि इप्पानले गभर्नर अधिकारीसँग अनुरोध गरेको छ ।

त्यस्तै इप्पानले नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशिकामा जलविद्युत् आयोजनाको जोखिम भार एक सय प्रतिशत कायम गरिएकामा यसलाई घटाएर सञ्चालनमा रहेका आयोजनाको हकमा ५० प्रतिशत र निर्माणाधीन आयोजनाको हकमा ७५ प्रतिशत कायम गरिदिन पनि आग्रह गरेको छ ।

बाढी पहिरोबाट क्षतिग्रस्त जलविद्युत् आयोजना पुनःनिर्माण तथा निर्माण सम्पन्न गर्न र यी आयोजनाहरू रुग्ण हुनबाट बचाउन ब्याज अनुदान र पुनरकर्जा, ब्याज पुँजीकरण, कर्जा पुनःसंरचना तथा मोराटोरियम पिरियड थप गर्नेलगायतका आवश्यक नीतिगत व्यवस्था गरिदिन पनि इप्पानले गभर्नर अधिकारीसँग आग्रह गरेको छ ।

भेटमा राष्ट्र बैंकका गभर्नर अधिकारीसँगै डेपुटी गभर्नर बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू डा गुणाकर भट्ट र देवकुमार ढकाललगायत सहभागी हुनुहुन्थ्यो । इप्पानका तर्फबाट अध्यक्ष कार्कीसँगै वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी, पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईं, उपाध्यक्ष रामप्रसाद आचार्य र उत्तम भ्लोन लामा, महासचिव बलराम खतिवडा, सदस्य सुसन कर्माचार्य र कुवेरमणि नेपाल सहभागी हुनुहुन्थ्यो ।

## *भगवती मन्दिर ...*

मानववस्तीको बीचमा रहेको उक्त पोखरी सरसफाईको अभावमा दुर्गन्धित रहेकोले सरसफाई अभियानमा नेपाल प्रहरी टोलीको नेतृत्व गर्दै सहभागिता जनाएको बताए ।

उनले संविधान दिवसको पूर्वसन्ध्यामा आयोजित सरसफाई कार्यक्रमलाई अन्यवेला पनि निरन्तरता दिनु पर्ने सुझाव समेत दिए ।

राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले नजिकिएको दशै, तिहार तथा छठ पर्वलाई समेत लक्षित गरी अभियान थालिएको बताईन । यस पटक पुर्ण सफाई तथा ऐतिहासिक पोखरीलाई नयाँ स्वरुप दिने लक्ष्यका साथ अभियान थालिएको उनको भनाई छ ।

सफाई अभियानमा नगरपालिकाका कर्मचारी, स्थानीयदेखि नेपाल तथा सशस्त्र प्रहरी र नेपाली सेनाको पनि सहभागिता रहेको प्रमुख प्रशासकिय अधिकृत विष्णु प्रसाद गुरुङ्गले जानकारी दिए । जलाशयमा उत्रेर दुषित पोखरी सफाईमा आफै पनि जुटेका उनले पोखरीको नियमित सरसफाई र संरक्षणमा सबैले सहयोग गर्नु पर्ने बताए ।

उनले अभियानको पहिलो दिन झारपात र स्थानीयहरुले फालेको गरी १५ ट्र्याक्टर जति फोहर निकालिएको जानकारी समेत दिए ।

सरसफाई अभियानमा प्रमुख जिल्ला अधिकारी किरण थापा, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्साली, सशस्त्र प्रहरीका डिएसपी मोहन विष्ट, राजविराज नगरपालिकाका निलम्बीत मेयर भिमराज यादव, नगरपालिका स्वास्थ्य शाखा प्रमुख निरंजन यादव, समाजिक विकास अधिकृत मनोज यादव, पत्रकार अधिकारकर्मी समेत सहभागी छन् ।

नगरको मुख्य स्थानमा अवस्थित उक्त पोखरीमा छठपर्व लगायत विभिन्न धार्मिक कार्यक्रमको अवसरमा पूजाविधी हुने गरेको छ। उक्त पोखरीको पुर्ण सरसफाई तथा सौन्दर्यको काम सम्पन्न गर्न सकिए राजविराज नगरपालिकाको मुख्य वस्तीका हजारौं जनता लाभान्वित हुने विश्वास गरिएको छ ।

# छत्तीस न्यायाधीश नियुक्तिका लागि सिफारिस

काठमाडौँ, २ असोज (रासस) ।
न्यायपरिषद्को मंगलबारको बैठकले ३६ रिक्त जिल्ला न्यायाधीश नियुक्त गर्ने निर्णय गरेको छ ।

परिषद्का अध्यक्ष एवं सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

बैठकले ३६ जनालाई नियुक्त गर्ने निर्णय गरेको न्यायपरिषद्का प्रवक्ता मानबहादुर कार्कीले जानकारी दिनुभयो ।

लोकसेवा आयोगले लिएको परीक्षामा पारशमणि पोखरेलले मात्र नाम निकाल्नुभएको थियो । साथै, परिषद्को बैठकले आजै १९ जना न्यायाधीशको सरुवा गरेको छ । उच्च अदालतका एक र जिल्ला अदालतका १८ न्यायाधीशको सरुवा तथा पदस्थापन गरिएको हो ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**
मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४४१७
चलानी नं. :- ३९
पत्र संख्या :- २०८०/०८१ मिति :-२०८०।०६।०१

**बिषय : लेखापरीक्षक आवश्यकता सम्बन्धी सुचना**

जन ज्योती कृषि सहकारी संस्थाको आ.व.२०८०।०८१ को लेखा परिक्षण गर्न लेखापरीक्षक आवश्यकता भएकोले ईच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएट्सहरुबाट तपसिलका कागजातहरु र लेखा परीक्षण शुल्क (कर समावेश गरिएको सहितको) प्रस्ताव आव्हान गरिन्छ ।

**(क) कार्य विवरण:**
१) संस्थाको आ.व. २०८०।०८१ को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परिक्षण गरी वार्षिक लेखा परीक्षण पेश गर्ने ।
२) कर योजना र कर परीक्षण कार्यमा सहयोग गर्ने ।
३) विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेशगर्ने ।

**(ख) आवश्यक कागजातहरु :**
१) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
२) नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपी ।
३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी आ.ब. २०७९।०८० को ।
४) प्यानभ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५) कम्पनी एशोसिएट्सको प्रोफाईल ।

१) फारम भर्ने अन्तिम मिती २०८०।०६।०८ गते सम्म ।
२) लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम ।

जन ज्योती कृषि सहकारी संस्था लि.
रा.वि.९ मलेठ
सर्म्पक नं. ०३१५९०६०१,६०२
ईमेल:janajyoticoop@gmail.com



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*